म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५५ शनिबार, १९ बैशाख २०८३ ने. सं. ११४६ बछलागा 2 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्वतन्त्र प्रेस, सबल लोकतन्त्र।**

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमतीको भौतिक मन्त्रालयले बजेटमा तोक्यो ३ सर्त

# आयोजना बैंकमा नपरेकालाई बजेट निषेध

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमाको क्रममा तीन सर्त अघि सार्दै आयोजना बैंक बाहिरका योजना निषेध गर्ने नीति लिएको छ ।

मन्त्रालयले आगामी जेठ १५ गतेभित्र नयाँ योजनाको सूची तयार गर्ने समयसीमा निर्धारण गरेको छ । बजेटलाई यथार्थपरक, व्यवस्थित र परिणाममुखी बनाउने तयारी अन्तिमचरणमा पुगेको जनाएको छ । मन्त्रालयले आगामी बजेटमा निर्माण भइसकेका संरचनाको मर्मतसम्भार, दुर्गमक्षेत्रलाई प्राथमिकता र पूर्वाधारसँगै 'हरित उद्यम'को प्रवर्द्धनलाई तीन सर्तका मुख्य आधार बनाउने नीति अघि सारेको छ । हेटौंडामा आयोजित चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक समीक्षामा मन्त्रालयले मातहतका १९ वटा कार्यालयमार्फत् योजना छनोट र कार्यान्वयनलाई परिणाममुखी बनाउने तयारी गर को जनाएको छ ।




नयाँ योजना थप्नेभन्दा बनेका संरचना संरक्षणलाई प्राथमिकतामा राख्ने, विकट बस्तीमा साना तर, प्रभावकारी पूर्वाधार विस्तार गर्ने तथा सडकसँग जोडिएका हरित उद्यम विकास गर्ने अवधारणामा मन्त्रालय अघि बढेको भौतिक मन्त्री डा. दिनेशचन्द्र देवकोटाले जानकारी दिए । देवकोटाले महत्वाकांक्षी र नयाँ योजना थप्नुभन्दा निर्माण भइसकेका संरचनाको संरक्षणलाई पहिलो प्राथमिकतामा राख्न जोड दिए । '१० करोडको पुलको पिलर बगाउन लाग्दा २० लाख खर्च गरेर त्यसलाई जोगाउनुको सट्टा ४० करोडको नयाँ पुल माग्दै हिँड्नेले काम गर्दैनन् । हाम्रो धर्म राज्यले बनाएका सम्पत्तिको संरक्षण गर्नु हो, त्यसैले बजेटमा 'मेन्टेनेन्स' पहिलो प्राथमिकता हुनुपर्छ,' मन्त्री देवकोटाले भने ।

भौगोलिकरुपमा विकट र कष्टकर जीवन बिताइरहेका नागरिकको जीवनस्तर उकास्ने योजनामा केन्द्रित हुने मन्त्री देवकोटाले स्पष्ट पारे । सुगम सहर र दुर्गम गाउँको आवश्यकता फरक हुने बताउँदै उनले धादिङ, सिन्धुपाल्चोक र दोलखा जस्ता पहाडी तथा हिमाली जिल्लाका विकट बस्तीमा ठूला पुलभन्दा झोलुङ्गे पुल र बेलीब्रिज निर्माणलाई प्राथमिकता दिनुपर्ने बताए । 'थामी, चेपाङ, बोटे, माझी बस्ती वा अन्य सीमान्तकृत समुदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी प्राविधिकले नै योजना प्रस्ताव गर्नुपर्छ,' उनले भने । बजेट निर्माणमा परम्परागत शैली त्याग्दै आवश्यकतामा आधारित योजना छनोट गरिने बताउँदै देवकोटाले भने, 'राज्यले बनाएका संरचनाको संरक्षण पहिलो दायित्व हो, त्यसैले मर्मतसम्भारलाई प्राथमिकतामा राखेर बजेट बनाइँदैछ ।'

**आयोजना बैंक बाहिरका योजना निषेध**

मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाले आगामी बजेटमा समावेश हुने सबै आयोजनालाई 'आयोजना बैंक'मा अनिवार्यरुपमा प्रविष्ट गरिने बताए । प्रविष्ट नभएका योजनालाई बजेट नदिइने उनको दाबी छ । 'विगतमा राम्रा कार्यक्रमको बजेट काटेर अनावश्यक कार्यक्रम थप गर्ने प्रवृत्तिले समस्या निम्त्यायो, अब त्यसो हुँदैन,' सचिव मरहठ्ठाले भने, 'आफ्नो बजेट सिलिङभित्र रहेर प्रभावकारी र परिणाम दिने आयोजना मात्रै अघि बढाउनुहोस् । आयोजना बैंकमा नभएका र औचित्य पुष्टि नभएका कुनैपनि कार्यक्रमले बजेट पाउने छैनन् ।'

आर्थिक अनुशासनमा जोड दिँदै उनले बेरुजु फछ्र्यौटलाई गम्भीरतापूर्वक लिन निर्देशन दिए । आगामी दिनमा बेरुजुले कर्मचारीको वृत्तिविकासमै असर पार्ने कानुनी व्यवस्था आउन लागेको बताउँदै उनले समायोजन वा खारेज भएका कार्यालयको बेरुजु एक हप्ताभित्र नयाँ कार्यालयमा हस्तान्तरण गरी व्यवस्थापन गर्न निर्देशन दिए । यातायात पूर्वाधार निर्देशनालयका प्रमुख नवीनकुमार सिंहले योजना छनोट र कार्यान्वयनमा एकरुपता ल्याउन मापदण्ड बनाउनुपर्ने र नीतिगत सुधारमा जोड दिनुपर्ने बताए ।

मन्त्रालयका आर्थिक प्रशासन महाशाखा प्रमुख श्रीराम पुडासैनीका अनुसार चालु आर्थिक वर्षमा कुल २२ अर्ब ३६ करोड ४५ लाख रुपैयाँ बजेटमध्ये हालसम्म ६ अर्ब ८० करोड ८९ लाख रुपैयाँ (३०.४५ प्रतिशत) मात्र खर्च भएको छ । इन्धन मूल्यवृद्धिलगायत बाह्य कारणले लागत बढ्दा योजना कार्यान्वयनमा अपेक्षित प्रगति हासिल गर्न चुनौती देखिएको उनले बताए ।

समीक्षा कार्यक्रममा मातहतका पूर्वाधार तथा सहरी विकास कार्यालयले चालु आर्थिक वर्षको प्रगति, रुग्ण आयोजनाको अवस्था, बजेट खर्च र आगामी वर्षका सुधारका उपायबारे प्रस्तुति दिएका थिए ।

व्यवस्थापकीय क्षमतातर्फ पूर्वाधार विकास कार्यालय रामेछाप, बजेट कार्यान्वयनमा सिन्धुली र बेरुजु फछ्र्यौटमा मकवानपुर उत्कृष्ट देखिएका छन् ।

# ज्यालामा ठगिएका श्रमिक न्याय माग्दै गाउँपालिका पुगे



साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ मकवानपुरको मनहरी गाउँपलिकाको विभिन्न वडामा रहेका अनौपचारिक क्षेत्रका श्रमिकले आफूहरुलाई ज्यालामा ठगी भएको भन्दै मनहरी गाउँपालिका कार्यालयसँग न्यायका लागि आग्रह गरेका छन् ।

विभिन्न योजनामा काम गर्दा ठेकेदार तथा कामको जिम्मा लिने पक्षबाट २ लाखभन्दा बढी ज्याला नपाएको भन्दै श्रमिकले ज्याला दिलाइदिन गाउँपालिकासँग अनुरोध गरेका हुन् । अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक विमला राईको नेतृत्वमा बिहीबार गाउँपालिका कार्यालय पुगेका हुन् । श्रमिकले ज्याला ठगी, असमान ज्याला र सामाजिक सुरक्षाको अभावविरुद्ध संयुक्त ध्यानाकर्षण तथा मागपत्र पेश गरेका हुन् ।

'हामी बिहानदेखि बेलुकासम्म पसिना बगाएर समाज र देश चलाइरहेका छौं तर, आफ्नै जीवन सुरक्षित गर्न संघर्षरत छौं' मागपत्रमा भनिएको छ-'मनहरीका २३ जना श्रमिकको २ लाख ११ हजार रुपैयाँ ज्याला ठगिएका छौं । यो ज्याला रकम चाँडै दिलाइदिन गाउँपालिकालाई अनुरोध गर्दछौं ।' सबै प्रकारका ज्याला ठगीका घटनामा तत्काल छानबीन गरी पूर्णभुक्तानी सुनिश्चित गर्न माग गरिएको छ । श्रमिकले स्थानीय तहमा दर्ता गरी कानुनी मान्यता दिन, समान कामको समान ज्याला लागू गर्न, सुरक्षित कार्यस्थल, खानेपानी, शौचालय र सुरक्षा सामग्री अनिवार्य गर्न माग गरेका छन् ।

स्वास्थ्य बीमा, दुर्घटना बीमा र सामाजिक सुरक्षा योजनामा पहुँच सुनिश्चित गर्नुपर्ने, महिला श्रमिकका लागि सुरक्षित र सम्मानजनक कार्यस्थल, स्तनपान कक्ष तथा बालस्याहारकेन्द्र व्यवस्था गर्नुपर्ने माग पनि राखिएको छ । श्रम शोषण रोक्न प्रभावकारी अनुगमन संयन्त्र र उजुरी सुनुवाइ प्रणाली स्थापना गर्न तथा सुकुम्बासी र अनौपचारिक बस्तीमा बसोबास गर्ने श्रमिकको आवासअधिकार सुनिश्चित गर्न पनि उनीहरुले आग्रह गरेका छन् । श्रमिकको ज्ञापनपत्र बुझ्दै मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले ज्याला ठगी सम्बन्धी यथार्थ बुझेर श्रमिकलाई बक्यौता रकम दिलाउने प्रतिबद्धता जनाएका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गरिएको काममा भुक्तानी लिनेले श्रमिकलाई ज्याला नदिएको तथा अन्य ठेकेदारबाट पनि ठगी भएको गुनासो आएको भन्दै सबैको ज्याला दिलाइने उनले बताएका छन् । श्रमिकले गाउँपालिकाको न्यायिक समिति र रोजगार शाखामा पनि ज्ञापनपत्र बुझाएका छन् ।

# स्वस्थ्य बाल प्रतिस्पर्धामा जेनिश प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ कैलाश गाउँपालिका-९ नामटारमा भएको वडास्तरीय स्वस्थ्य बाल प्रतिस्पर्धामा जेनिश स्याङ्तान प्रथम भएका छन् ।

नामटार स्वास्थ्यचौकी अन्तरगत भएको ६ महिनादेखि ३६ महिनासम्मका बालबालिकाको विभिन्न सूचकमा रहेर गरिएको प्रतिस्पर्धामा आशिका रुम्बा द्वितीय भएकी छिन् भने सन्ध्या बल तृतीय भएकी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतमले बताए ।

प्रतियोगितामा ४६ जना बालबालिकाले प्रतिस्पर्धा गरेका थिए । वडा ९ का वडाध्यक्ष एंव स्वास्थ्यचौकी अध्यक्ष भूवनसिंह घलानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा अध्यक्ष मुक्तानले स्वस्थ्य बालबालिका थाहा पाउन प्रतिस्पर्धात्मक कार्यक्रमले थप टेवा पुग्ने बताए । सुनौला हजार दिनभित्र देखिनै आमा र बच्चाको स्वास्थ्यअवस्था नियमित जाँच गरिरहनुपर्ने बताउँदै सरकारले ल्याएको मापदण्ड र विभिन्न सूचकमा रहेर प्रतिस्पर्धा गरिएको उनले बताए । बच्चाको स्वास्थ्यसम्बन्धी ज्ञान आमासँग रहने भएकाले बच्चाको स्वास्थ्यबारे थाहा पाइराख्नु र विरामी पश्चातको उपचारसमेत आमाहरुले जानकारी भइराख्नुपर्ने अध्यक्ष मुक्तानले बताए ।

पोषण कार्यक्रमले आमा र बच्चाको स्वास्थ्यअवस्थालाई सन्तुलन गरिनुका साथै गाउँपालिकाले आमा र बच्चालाई विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रम गरिरहेको बताए । कार्यक्रममा उपाध्यक्ष बालकुमार मल्लले स्वस्थ्य बच्चा थाहा पाउन नियमित स्वास्थ्यचौकीमा जाँच गरि रहनुपर्ने बताए । 'बच्चा किन पहिलो दोस्रो भएन भन्ने मनमा लागेको हुन सक्छ, मापदण्डमा तपाईहरु पर्न नकसकोले हो । पूर्णरुपमा मापदण्डभित्र पर्ने गरी आमाहरुले ध्यान दिनु जरुरी छ' उपाध्यक्ष मल्लले भने ।

# उपसचिव सहित १८ जना कर्मचारीको सरुवा

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ बागमती प्रदेश सरकारले उपसचिव सहित १८ जना कर्मचारीको सरुवा गरेको छ । प्रदेश सरकारले विभिन्न मन्त्रालय, निर्देशनालय तथा मातहतका कार्यालयमा कार्यरत १८ जना कर्मचारीको सरुवा गरेको हो ।

प्रमुखसचिव बाबुराम अधिकारीको निर्णयअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडाले नवौंतह (उपसचिव) देखि पाँचौं तहसम्मका अधिकृत र सहायक स्तरका कर्मचारीको जिम्मेवारी हेर फेर गरेको हो । कार्यालयका अनुसार ३ जना उपसचिवसहित आठौं तहका ४ जना, सातौं तहका १ जना कर्मचारी रहेका छन् भने छैटौं तहका ९ जना र पाँचौं तहका १ जना कर्मचारी रहेका छन् । कार्यालयले प्रदेश नीति तथा योजना आयोगमा कार्यरत उपसचिव प्रतिभा पन्थीलाई प्रदेश सुशासन केन्द्र, जावलाखेलमा पठाएको छ भने उपसचिव अनिता तामाङलाई प्रदेश सुशासन केन्द्रबाट सहकारी तथा गरिबीनिवारण मन्त्रालय, हेटौंडाको जिम्मेवारी तोकेको छ ।




सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव प्रदीपराज पौडेललाई प्रदेश सरकारी रजिस्ट्रारको कार्यालय, काठमाडौंमा सरुवा गरिएको छ । साना-ठुला सवारी एकान्तकुना ललितपुरका अधिकृतस्तर आठौंमा कार्यरत अम्बिका घिमिरेलाई संस्कृति तथा पर्यटन मन्त्रालय हेटौंडा, अधिकृतस्तर आठौं सरुपा पाण्डेलाई पर्यटन कार्यालय, काठमाडौंबाट प्रदेश सुशासन केन्द्र, ललितपुर, सन्ध्या लामिछानेलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश सुशासन केन्द्र, ललितपुरमा सरुवा गरिएको छ । अधिकतस्तर आठौं लेखनाथ खतिवडालाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडाबाट श्रम, रोजगार तथा यातायात मन्त्रालय हटौंडामा सरुवा गरिएको छ ।

शिवप्रसाद भट्टराई अधिकृत सातौंलाई यातायात व्यवस्था कार्यालय, भक्तपुरबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडामा सरुवा गरिएको छ भने श्रीधर पुडासैनी अधिकृतस्तर छैटौंलाई प्रदेश लोकसेवा आयोगबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडा, कम्प्युटरअधिकृत, छैटौं किशोर जोशीलाई शिक्षा विकास निर्देशनालयबाट प्रदेश लोकसेवा आयोग, पुरुषोत्तम मिश्रलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश लोकसेवा आयोगमा सरुवा गरिएको छ ।

अधिकृतस्तर छैटौं इन्द्रबहादुर कार्कीलाई यातायात व्यवस्था कार्यालय, साना-ठुला सवारी ललितपुरबाट स्वास्थ्य मन्त्रालय हेटौंडामा, मुक्तिनाथ घिमिरेलाई यातायात व्यवस्था कार्यालय, काठमाडौंबाट सहकारी तथा गरिबी निवारण मन्त्रालय हेटौंडा, प्रेमप्रकाश घिमिरे यातायात व्यवस्था कार्यालय, भक्तपुरबाट वन तथा वातावरण मन्त्रालय हेटौंडा, जीवनकुमार बस्नेत यातायात व्यवस्था कार्यालय, भक्तपुर बाट खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय हेटौंडा, सुरेन्द्र गिरी व्यावसायिक कीट विकास फार्म, धादिङबाट श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौंडा, गोविन्द दुलाल यातायात व्यवस्था कार्यालय, काठमाडौंबाट सहकारी तथा गरिबी निवारण मन्त्रालय हेटौंडामा सरुवा गरिएको छ । यातायात व्यवस्था कार्यालय, चितवनबाटमा कार्यरत कम्प्युटर अपरेटर दीपेश खनाललाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयमा सरुवा गरिएको छ ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# नयाँ वेबसाइटहरूमध्ये एक तिहाइ एआई निर्मित: अध्ययन

सन् २०२२ यता सिर्जना गरिएका वेबसाइटहरूमध्ये करिब एक तिहाइ अर्थात ३५ प्रतिशत सामग्रीहरू एआईको सहयोगमा बनाइएका तथ्य सार्वजनिक भएको छ । स्ट्यानफोर्ड युनिभर्सिटी, इम्पेरियल कलेज लन्डन र इन्टरनेट आर्काइभका अनुसन्धानकर्ताहरूले गरेको एक नयाँ अध्ययनले यस्तो तथ्य सार्वजनिक गरेको हो ।



सन् २०२२ को अन्त्यमा च्याटजीपीटी सार्वजनिक भएयता इन्टरनेटको डिजिटल परिदृश्यमा निकै तीव्र गतिमा परिवर्तन आएको र एआईले अनलाइन लेखनको शैलीलाई थप सकारात्मक, शिष्ट र कम शब्दमा धेरै कुरा भन्ने खालको बनाएको अनुसन्धानले देखाएको छ ।

'द इम्प्याक्ट अफ एआई-जेनेरेटेड टेक्स्ट अन द इन्टरनेट' शीर्षकको यस अध्ययनले एआईका कारण इन्टरनेटमा झूटो जानकारी र भ्रम फैलिरहेको छ भन्ने आम धारणालाई भने चुनौती दिएको छ । अनुसन्धानकर्ताहरूले तथ्य जाँचकीहरू मार्फत गराएको परीक्षणमा एआईले प्रमाणित रूपमा गलत दाबीहरूमा उल्लेख्य वृद्धि नगरेको तर लेखनको भाषिक र शैलीगत विविधतामा भने कमी ल्याएको पाइएको छ ।

धेरैजसो एआई मोडेलहरूले उस्तै र जेनेरिक शैलीमा लेख्ने भएकाले मानवीय सिर्जनात्मकता र मौलिक आवाजहरू हराउँदै गएर इन्टरनेट एकैनासको बन्ने जोखिम बढेको अध्ययनको निष्कर्ष छ । अनुसन्धान टोलीले अगस्ट २०२२ देखि मे २०२५ सम्मका वेबसाइटका नमुनाहरूलाई 'वेब्याक मेसिन' मार्फत संकलन गरी 'Pangram v3' सफ्टवेयरको सहयोगमा यो विश्लेषण गरेको हो ।

अबको मुख्य चुनौती इन्टरनेटलाई केवल एकैनासको र मेसिनरी मात्र नबनाई एआईलाई मानवीय सृजनात्मकताको साझेदारका रूपमा कसरी विकास गर्ने भन्ने रहेको अनुसन्धानकर्ताहरूले बताएका छन् ।

हाल यो अध्ययन एउटा निश्चित समयको नतिजामा आधारित भए तापनि भविष्यमा इन्टरनेट आर्काइभसँग मिलेर यसलाई इन्टरनेटको निरन्तर अनुगमन गर्ने औजारका रूपमा विकास गर्ने योजना बनाइएको छ ।

# इरानको युरेनियम कब्जा गर्नु अमेरिकाका लागि कति खतरनाक ?

इरानको कुनै गोप्य भूमिगत परमाणु केन्द्रमा धावा बोलेर अमेरिकी सेनाले प्रशोधित युरेनियम कब्जा गर्ने कुरा झ्वाट्ट सुन्दा असम्भवजस्तै लाग्न सक्छ । तर पछिल्लो समय सार्वजनिक भएका समाचार अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई आफ्नो मुख्य रणनीतिक लक्ष्य बनाएको दाबी गरिएको छ । इरानलाई परमाणु हतियार विकास गर्नबाट रोक्नका लागि उसको आणविक भण्डार कब्जा गर्ने विकल्पमा ट्रम्पले विचार गरिरहेको बताइन्छ ।

तर यस्तो सैन्य कारवाही अमेरिकाका लागि केवल कठिन मात्र नभई निकै जोखिमपूर्ण समेत हुने सैन्य विशेषज्ञ तथा पूर्वअमेरिकी रक्षा अधिकारीहरूको भनाइ छ । यसका लागि अमेरिकी सेनाले ठूलो संख्यामा स्थल सेना परिचालन गर्नुपर्नेछ र मिशन पूरा गर्न केही दिन मात्र होइन हप्तौँसम्म लाग्न सक्छ ।

**रणनीतिक उद्देश्य र विकल्पहरूको खोजी**

ट्रम्प प्रशासनले इरानमाथि दबाब सिर्जना गर्न विभिन्न सैन्य विकल्पहरू खुला राखेको देखिन्छ । प्रशोधित युरेनियम सिधै कब्जा गर्ने योजना ती विकल्पहरूमध्ये एक हो । यसबाहेक इरानको ऊर्जा निर्यातमा प्रभाव पार्ने उद्देश्यले खार्ग टापु नियन्त्रणमा लिने जस्ता रणनीतिहरू पनि विचाराधीन अवस्थामा छन् । यसले इरानलाई स्ट्रेट अफ हर्मुज पूर्णरूपमा खुला गर्न बाध्य पार्न सकिन्छ । इरानमाथि नयाँ सैन्य कारबाहीको संकेत दिनुमा इरानलाई वार्ताको टेबलमा आउन दबाब दिने अमेरिकी रणनीतिका रूपमा पनि विश्लेषण गरिएको छ ।

सीबीएस न्युजसँगको एक टेलिफोन अन्तर्वार्तामा ट्रम्पले प्रशोधित युरेनियम नष्ट नगरी इरान युद्धमा अमेरिकाले आफ्नो विजय घोषणा गर्न सक्छ कि सक्दैन भन्ने प्रश्नको स्पष्ट जवाफ दिन अस्वीकार गरे । उनले इरानको युरेनियम भण्डारको महत्त्वलाई खासै प्राथमकिता नदिने प्रयास गर्दै भनेका छन्- यो यति गहिराइमा गाडिएको छ कि कसैले सजिलै निकाल्न सक्दैन । तर अन्ततः हामी निर्णय गर्नेछौँ । इरानको युरेनियम भण्डार कब्जा गर्ने सैन्य कारवाहीबारे ट्रम्पले योजना बनाइरहेको भनी वालस्ट्रिट जर्नलले टिप्पणी गरेसँगै ट्रम्पको यस्तो भनाइ बाहिर आएको हो । यद्यपि ह्वाइट हाउसले यसबारेमा कुनै निर्णय नभएको जनाएको छ ।

**कहाँ र कति छ युरेनियम भण्डार ?**

वरिष्ठ अमेरिकी अधिकारीहरूका अनुसार युद्धको सुरुवातमा इरानसँग करिब ४४० किलोग्राम तौलको ६० प्रतिशतसम्म संवर्धित युरेनियम थियो । त्यो युरेनियमलाई तत्कालै ९० प्रतिशतमा पुऱ्याएर आणविक हतियारको स्तरमा रूपान्तरण गर्न सकिन्छ । यसका अतिरिक्त इरानसँग २० प्रतिशत प्रशोधित युरेनियम करिब १ हजार किलोग्राम र ३.६ प्रतिशत प्रशोधित युरेनियम ८ हजार ५०० किलोग्राम रहेको अनुमान छ । यस्तो युरेनियम सामान्यतया चिकित्सा अनुसन्धानका लागि प्रयोग हुन्छ ।

उच्च स्तरको प्रशोधित युरेनियम मुख्य रूपमा इस्फाहान आणविक प्रशोधन केन्द्रमा रहेको विश्वास गरिन्छ । यो इरानका तीन प्रमुख भूमिगत परमाणु केन्द्रमध्ये एक हो । यसबाहेक नतान्ज र फोर्डोमा पनि केही उच्च प्रशोधित युरेनियम भण्डार हुन सक्ने अनुमान छ । तर गतवर्ष अमेरिका र इजरायलले गरेको हवाई आक्रमणपछि इरानले अन्तर्राष्ट्रिय निरीक्षकहरूलाई निष्कासन गरेकाले त्यहाँ रहेको युरेनियमको वास्तविक अवस्थाबारे स्पष्ट जानकारी उपलब्ध छैन । अन्तर्राष्ट्रिय परमाणु ऊर्जा एजेन्सीका प्रमुख राफाएल ग्रोसीले इरानको युरेनियम भण्डारका विषयमा धेरै प्रश्नहरू अझै अनुत्तरित रहेका बताएका छन् ।

**अत्यन्तै जटिल सैन्य कारवाही, हवाइ आक्रमण अपर्याप्त**

अमेरिकाका पूर्वसहायक रक्षा मन्त्री मिक मुलरोयका अनुसार इरानको युरेनियम भण्डार हटाउने कार्य इतिहासकै सबैभन्दा जटिल विशेष अभियानमध्ये एक हुनेछ । पूर्व अमेरिकी रक्षा अधिकारी जेसन क्याम्पबेलका अनुसार यदि इरानमा रहेको युरेनियम भण्डार ठ्याक्कै कहाँ छ भन्ने स्थान थाहा भएमा अपरेशन केही सहज हुन सक्छ । तर यदि यो विभिन्न स्थानहरूमा विभाजित गरिएको भएमा त्यसको जटिलता धेरै गुणा बढ्नेछ ।

स्याटेलाइट तस्वीरहरूमा देखिए अनुसार केही परमाणु केन्द्र रहेका सुरुङका प्रवेशद्वारहरू माटोले बन्द गरिएका छन् । यसले सैन्य कारवाहीलाई निकै कठिन बनाउँछ । अमेरिका र इजरायलले हवाई आक्रमणमार्फत इरानको नौसैनिक शक्ति, ब्यालिस्टिक मिसाइल क्षमता र औद्योगिक संरचनामा क्षति पुऱ्याउन सफल भएका छन् । तर विशेषज्ञहरूका अनुसार प्रशोधित युरेनियम कब्जा गर्न हवाई आक्रमण मात्र पर्याप्त हुँदैन । यसका लागि स्थल सेना अनिवार्य हुन्छ । जसले निकै उच्च जोखिम बेहोर्नुपर्ने हुन्छ ।

विश्लेषकहरुका अनुसार अमेरिकाले आफ्नो ८२औं वायुसेना डिभिजन प्रयोग गरेर इस्फहान र नतान्ज वरिपरका क्षेत्र सुरक्षित गर्न सक्छ । त्यसपछि विशेष प्रशिक्षित सैन्य बलहरूले भूमिगत सुरुङहरूमा प्रवेश गरेर युरेनियम निकाल्ने प्रयास गर्नेछन् । युरेनियम सामान्यतया ग्यासको रूपमा ठूलो धातु कन्टेनरमा भण्डारण गरिएको हुन्छ । तर सुरुङहरूमा पुग्नका लागि त्यसमा थुपारिएको फोहोर हटाउन भारी उपकरण आवश्यक पर्न सक्छ । यस क्रममा अमेरिकी सेनाले निरन्तर ठूलो जोखिम मोल्नुपर्ने हुन्छ ।

**स्वास्थ्य**

# महिनामा दुईपटक महिनावारी हुनु सामान्य हो ?

महिनावारी महिलाहरूका लागि सामान्य प्रक्रिया हो । यसमा अचानक परिवर्तन हुँदा चिन्ता हुनु स्वाभाविक हो । कहिलेकाहीँ, महिनावारी एकै महिनामा दुईपटक पनि हुन्छ । सुरुमा यो चिन्ताजनक लाग्न सक्छ, तर यो सधैँ गम्भीर रोगको संकेत होइन ।



यद्यपि, यो समस्या दोहोरिन्छ भने चाहिँ यसलाई बेवास्ता गर्नु सधैँ बुद्धिमानी हुँदैन । हाम्रो शरीरले हरेक परिवर्तनको प्रायः संकेत दिन्छ । हामीले यसलाई बुझ्नु महत्त्वपूर्ण छ ।

**के यो अवस्था सामान्य हो ?**

सामान्यतः महिनावारी चक्र २८ दिनको मानिन्छ । तर २१ देखि ३५ दिनबिचको चक्रलाई पनि सामान्य नै मानिन्छ । यदि तपाईंको चक्र छोटो छ भने, तपाईंलाई महिनामा दुईपटक महिनावारी भइरहेको जस्तो लाग्न सक्छ । कहिलेकाहीँ, तनाव, आहार परिवर्तन वा अनिद्राले पनि महिनावारी अगाडि-पछाडि सर्न सक्छ । तर यदि यो समस्या रहिरह्यो भने, यो अनियमित महिनावारीको श्रेणीमा पर्दछ ।

**के हुन सक्छ यसको कारण ?**

महिनामा दुईपटक महिनावारी हुनुको सबैभन्दा सामान्य कारण हर्मोनल असन्तुलन हो । शरीरमा एस्ट्रोजेन र प्रोजेस्टेरोनको सन्तुलन बिग्रनुले महिनावारीको समय र प्रवाहमा परिवर्तन ल्याउन सक्छ । पोलिसिस्टिक ओभरी सिन्ड्रोम (पीसीओएस) पनि यसको एक प्रमुख कारण हुन सक्छ । यो अवस्थाले अण्डाशयमा साना सिस्टहरू बनाउँछ, जसले गर्दा महिनावारी अनियमित हुन्छ ।

पाठेघरमा हुने फाइब्रोइड (सिस्ट)का कारणले पनि अत्यधिक रक्तस्राव हुने वा बारम्बार महिनावारी हुने हुन सक्छ । थाइराइडसम्बन्धी समस्याले पनि मासिक धर्म चक्रलाई असर गर्छ र यसलाई बाधा पुऱ्याउन सक्छ ।

**के यो समस्या खतरनाक हुन सक्छ ?**

यदि यो समस्या कहिलेकाहीँ मात्रै देखिन्छ भने यो चिन्ताको विषय होइन । तर, यदि तपाईंलाई महिनामा दुईपटक महिनावारी हुन्छ, अत्यधिक रक्तस्रावको अनुभव हुन्छ र कमजोरी वा चक्कर आउँछ भने यो खतरनाक संकेत हुन सक्छ । यो समस्या लामो समयसम्म रह्यो भने यसले रक्तअल्पताजस्ता समस्याहरू निम्त्याउन सक्छ ।

**यस अवस्थामा के गर्नुपर्छ ?**

तपाईंको शरीरमा हुने परिवर्तनहरूलाई बेवास्ता नगर्नु महत्त्वपूर्ण छ । महिनामै दुईपटक महिनावारी बारम्बार हुन्छ वा दुखाइ अत्यधिक छ भने तुरुन्तै डाक्टरसँग परामर्श लिनुहोस् । सन्तुलित आहार, नियमित व्यायाम र तनाव कम गर्नु पनि महत्त्वपूर्ण छ । महिलाहरूले आफ्नो स्वास्थ्यका बारेमा सतर्क हुनुपर्छ । समयमै हेरचाह गर्नाले ठूला समस्याहरूबाट बच्न सकिन्छ ।

**साहित्य**

कथा

# ताान्छुहाङको हात

✍ **विमल लामिछाने**

बिहान घामको टकसँगै धुलोका कणहरु उडिरहेका थिए । सडक किनारका पोथ्राहरु डाँठ र पात पुरै छोपिनेगरी धुलोको भारी बोकेर सुक्खा र थकित देखिन्थे । अनिदो बसेको आँखा झैँ बोझिला र उराठिला थिए सहरका गल्लीहरु । रंग बदल्दै चौबिस घण्टादेखि बलिरहेका थकित ट्राफिक लाइटहरू अघिल्लो रातको निद्राले झुलेझैँ धिपधिपाइरहेका, खल्तीमा बौरिएको थकान, आँखाको डिलमा अडिएका अधुरो स्वप्नका धर्सा र मनभरिको भार लिएर त्यही सडकको बायाँ किनारमा हिँडिरहेका थिए तान्छुहाङ ।

उनका हिँडाइमा थकानसँगै बेचैनी मिसिएको थियो, मानौँ कदम- कदममा उनका पैतालाले बाटो छुनु भन्दा पहिले मनले नै जमिनको स्पन्दन सुन्न खोजिरहेको आभाष हुन्छ । उनको जीवन अचेल अनौठो मोडमा आइपुगेको छ, न त पूर्ण तिक्तता छ, न त पूर्ण मधुरता नै । दुवैको मिश्रणले बनेको एक गाढा स्वाद, जो जिब्रोमा होइन, चेतनामा प्रभाव पारिरहेको आभाष हुन्छ । तान्छुहाङलाई लाग्छ, मानिस दुई भागमा बाँच्दोरहेछ । एक भाग हेर्दा संसार लाई सम्हालिएको र सजिएको देखिन्छ । अर्को भाग भने च्यातिएको, भत्किएको, रुँदै, हाँस्दै बाँच्नुपर्ने कठोर जिन्दगी जस्तो ।

उनले आफैँलाई पनि यिनै दुई भागमा महसुश गरेका छन् । दिनको उज्यालोमा आफैँलाई व्यवस्थित देखाउन सक्थे, 'सब ठीक छ' भन्ने संवाद हरेक भेटघाटमा सरल र सहज उच्चारण गर्थे, तर रातको गहिराइमा, जब सहरका बत्तीहरू आफैँमा चर्किए झैँ उनका मनका फाटाहरूपनि स्पष्ट देखिन्थे । कतिपछक धिपभिपाउँथे र कति पटक निभ्थेपनि । कहिलेकाहीँ उनी ऐनामा आफ्नो मुख हेर्दै आफैसँग घिनाउँथे । मनोविज्ञानका किताबले उनलाई धेरै कुरा सिकाएका थिए । ट्रमा, अत्यास, बचपन, दबिएको आवाज, चेतनाका तहहरू आदि, तर तान्छुहाङको मन भने ती किताबका परिभाषामा कहिल्यै राम्ररी फिट भएन । न स्थिर रहन नै सक्यो । उसको पीडा कुनै नाममा अडिन चाहँदैन थियो । आत्माको बेचैनी, मन क्षितिजमा लर्वराएको चंगा झै कुनै सिद्धान्तमा सीमित हुन मानेन जस्तो आभाष हुन्थ्यो । यी सबैको एकमात्रै कारण थियो सोममाया सँगको विछोडिनुको पिडा ।

तान्छुहाङ गाउँको पर्खाल छिचोल्दै आउने झरी जस्तो शान्त, सरल र अचम्मै मृदु स्वभावका युवा थिए । गाउँभरि उनको नम्रता र कामको इमानदारीताको चर्चा हुन्थ्यो । तर उनको मन कहिल्यै कसैसँग गहिरो सम्बन्ध गाँस्न तयार भएको थिएन । एकान्त मन पराउँथे, एकान्तमा नै गुन्गुनाउँथे, आफैभित्र खुशी खोज्दै रमाउन खोज्थे पनि तर, नाम्लो चुँडिएर खकनको भरमा बोकेको ढाकर जस्तै वल्लो कुम र पल्लो कुम गरेझै उफ्रिरहन्थ्यो उनको धड्कन ।

सोममाया त्यही गाउँको मुस्कान माइलाकी छोरी थिइन् । उनीहरु सँगैका दौतरे छिमेकी साथी हुन् । उनका आँखामा सपनाको झिल्को र हाँसोमा जीवनको उज्यालो थियो । पहिलो भेटमा तान्छुहाङको मुटु अनायासै सोममायातर्फ तानियो । सोममायाको सरलता र आत्मीयताले उसको जीवनमा नयाँ रंग भर्दै गयो । केही महिनाको अन्तरंग र सामिप्यताभित्र प्रेमको मिठासले दुवैलाई बाँध्यो । गाउँका छेउको चियाबगानमा बादलसँग लुकामारी गर्दै आएको घाम-छाँयाको खेल जस्तो । प्रेम न हो, विस्तारै उनीहरूले एक अर्कालाई बुझ्न थालेका थिए । उनीहरुको हार्दिकता र प्रेमको स्वाद पस्किने तरिका पनि उदाहरणीय थियो ।

अहा ! कति मिलेका । उनीहरुको स्कूल पनि एउटै थियो । एउटै कक्षामा पढ्थे, विदा भएका दिन पनि सँगैसँगै खेतबारीमा घासदाउरा र मेलापातमा समय वित्थ्यो, घर अलि वरपर भएपनि छिमेकमा हुने अर्मपर्म र हातसारा कामहरु आलोपालोमा हुन्थयो । उनीहरुका बाआमाको पनि असारे र मंसिरे काममा अर्मपर्म चल्थ्यो । दुवैतर्फका रोपाईं, धान गोड्ने परेली, बिटा लगाउने, परालको दाईं गर्नेजस्ता काममा पनि प्राय मिलेरै गर्ने आत्मियता थियो । सँगै घाँसदाउरा बोक्दा, परालका भारी खेप लगाउँदा बडो मज्जा आउँथ्यो । एउटा परिवारमा बनाएको अचार, मोही अर्को परिवारमा बाँडेर खाने चलन थियो उनीहरुको ।

तान्छुहाङ सोममायाको सामिप्यता बढ्दै गयो । तान्छुहाङ सोममायाको फरर.. उडेको कपालका केश्रा सुम्सुम्याउँथे, उस्तै मौका परे चिमोटा-चिमोट सम्मचाहीँ प्रायः भइरहन्थ्यो । सोममाया पछाडी फर्किन नपाउँदै फुत्त हात लुकाउँथे । कहिले कानको लोतीमा औंलाले प्याट्ट हान्ने, कहिले चप्पलको छेउ टेकेर लडाउन खोज्दै जिस्क्याइरहन्थे । सोममाया पनि नदेखेझैं गरेर पछाडी फर्केर को हो.. ? भन्थिन् । दुवै खित्का छोडेर हाँस्थे । (यस्तो धेरैका स्कूले जीवनमा पनि हुने गर्दथ्यो, यो कथा पढ्ने जो कसैलाई विगत स्मरण हुन सक्ला पनि ।) सानो सानो खानेकुरा बाँडेर खान्थे । एकपल पनि छुट्न नसक्ने सामिप्यता थियो । तान्छुहाङ र सोममायालाई सबैले ढुक्कुरे जोडी भन्थे । (नेपाली समाजमा ढुकुरलाई प्रेमको प्रतिक मानिन्छ ।)

भनिन्छ, 'जीवन कहिले पनि सरल रेखामा हुँदैन' । यो प्रेमिल जोडीलाई पनि समयले बक्र रेखामा डोहोर्यायो । दुवैको सपना र चाहना, परिवारको अपेक्षा र परिस्थितिले उनीहरूलाई अलग दिशामा धकेल्यो । सोममायाकी दिदीले भुटानी शरणर्थी केटासँग विवाह गरेकी थिइन् । उनीहरु तेस्रो पूर्नवासकै क्रममा अमेरिका छिरेको तीनवर्ष भएको थियो । सोममायालाई पनि दिदीले च्यानल मिलाएर अमेरिका तानेको तान्छुहाङले पत्तै पाएनन् । सोममायाले पनि समय गुज्रिएपछि मात्रै तान्छुहाङलाई थाहा दिन भ्याइन् ।

सोममायाका घरछेउको खोल्सीमा भएको पुरानो पुलको आडमा उभिएर तान्छुहाङले घण्टौं सम्झायो । 'तिमी मेरो जीवनको उज्यालो हौ, तर हामीले अलग बाटो रोज्नु पर्छ ।' सोममायाले आँसु चुहाउँदै भनिन् 'साँचो प्रेम कहिल्यै हराउँदैन, तान्छुहाङ । हामीले अलग भए पनि यो याद सधैँसँगै रहनेछ ।' अन्ततः तान्छुहाङ र सोममायाको प्रेमको मिठास बरफलाई घाममा राख्दा टुक्रिएजस्तै गरी टुक्रियो । सोममाया सम्पर्कविहिन भइन् । बर्षौं बिते, तर सोममाया तान्छुहाङको यादमा मात्रै सिमित भइन् ।

दिनहरु वित्तै गए, महिना विते एकदुइ गर्दै धेरै वर्ष वित्यो, दुवैले आफ्नो जीवनलाई नयाँ दिशा दिनुपर्ने बाध्यताको विच उनीहरुको केही नलाग्ने भयो तर, मनको कुनामा, ती प्रेमिल दिनहरुको याद आइरहन्थ्यो । सोममायाका मनमा माया अझै सजीव थियो तर समयले पाउलो फेरिसकेको थियो । उनी अमेरिकाको रहन सहनमा भुलिसकेकी छन् । वर्षौं पर्खिदा पनि तान्छुहाङले सोममायाको कल, म्यासेज, खवर केही पाउँदैनन् । एकाएक सम्पर्कविहिन भएकी थिइन् सोममाया । तान्छुहाङ एक्लै गाउँमा सोममायाको दपर्ण खोजिरहेका छन् । आज तान्छुहाङ त्यही पुराना याद मनभरी लिएर सडक किनारामा जीवन जीउने पाइला चालिरहेका छन् । उनका आँखा बाटाको छेउ चिया कटेजमा पर्छन् । टेबलमा राखिएको चियाकपको बाफसँगै खिड्कीबाट बाहिर पुग्छन् उनका नयन । उनको दृष्टी बाटामा हीलवाला चप्पल लगाएकी एउटी एक्लै आफ्नै गतिमा हिँडिरहेकी केटीमा पुगेर थुरिन्छन् । टक्टक्.. टक्टक् आवाजसँगै तालमा ताल मिलाएर अघिपछि लागेझैँ देखिन्थे उनका अवयवहरु । मानौ क्याटवकको प्रतियोगिता हुँदैछ । टोलाए झै भएर हेरिरहन्छन् पर.. बाटोको कुइनेटोसम्म । तान्छुहाङको माथिंगलमा सोममाया कुदिरहीन् । जसरी एकजना दर्शक जीवनको नाटक चुपचाप नियाल्छ, पात्रहरुको परिकल्पना गर्छ र कल्पनाको सिंहासन चढ्छ ।

उनले बाँचिरहेको र भोगिरहेको जीवन केवल बाहिरी कथा थिएन, भित्र आफ्नै कथा तर एकदमै फरक शैलीमा चलिरहेको । तान्छुहाङले चियाको सुरुपसँगै मनभरी सम्झिरहे सोममाया र विगतको प्रेमपल । चियाकटेजको झ्यालमा हावाले पर्दा हल्का उठायो । अनायसै उनले बालापन सम्झिए, बालपन कठोर थिएन, तर कोमल पनि थिएन । उदाहरणका लागि, उनका सपनामाथि कसैले प्रतिबन्ध लगाएन, तर समर्थन पनि दिएन । के के कुद्दैथियो मनमा । अनेक तर्कनाहरु किनारा नलाग्दै पर्दाभित्रबाटै चिया पसले 'मोटी दिदी'को टर्रो स्वर कानमा ठोकिन्छ, 'भाइ..., एकोहोरीनु भयो नि ! के भयो ? चिया सेलाइसको....' ।

तान्छुहाङ झस्किन्छन्, अँ..अँ..होइन.. होइन.. केही होइन दिदी । चिया सेलाइसकेको थियो, एकपटक सुरुप्प.. पारेर आधाकप छोडेर उठ्छन् । जीवन भनेको समाधानको सूची होइन, प्रश्नसँगको संगालो हो । त्यो दिन पनि उनले मनमनै साचे, मान्छे किन आफैँबाट टाढिँदै बाँच्छ ? किन आफैँसँग बाँच्न कठिन लाग्छ ? उत्तरविनाका प्रश्नै प्रश्न लिएर चिया कटेजबाट बाहिरिए ।

उनलाई कहिलेकाहीँ लाग्थ्यो, मसँग इतिहास छ, तर त्यो इतिहासमा म छेउमा उभिएको पात्रजस्तो मात्रै । अक्सर हामी बालापनको चोटलाई 'ए, त्यस्तो त हुन्थ्यो नि' भन्दै बेवास्ता गर्छौं । अनि पछि सम्झँदा पछुतो लाग्छ र आफैलाई धिकार्न मन लाग्छ । यस्तै तान्छुहाङलाई पनि महसुस भयो कि 'बैंशमा सुकेको आँसु प्रौढतामा गहिरो नदी भएर बग्दोरहेछ ।' त्यही नदी आज पनि उनको चेतनामा बगेको थियो । थोरै भासिएको, थोरै उथलपुथल । कतै हाँसो तर आँखामा आँशु टिल्पिलाएको ओठकामेको रुन्चे हाँसो ।

तान्छुहाङ सम्झिन्छन्, जीवनमा प्रेमको अनुभव थियो, तर त्यो प्रेम कुनै चलचित्रको गीतजस्तै कथाकै विचमा श्रृंगारिक बनेर आउँदोरहेछ । प्रेम एक सुन्दर तर चङ्गामा उल्झिएको धागो जस्तै बन्दोरहेछ, जसले मुटुलाई पनि बाँध्थ्यो, दुख्थ्यो र कहिलेकाहीँ क्षणिक मुक्त पनि गराउँथ्यो निष्कर्षहिन थकान भरिएको उकालोको हिँडाइ र एकान्तको रुवाई जस्तै । उनलाई फेरि लाग्थ्यो- हुन त 'प्रेम भनेको दुई जनाको अमिट मिलन पनि त होइन, दुईटा पूर्ण ब्रह्माण्ड एकअर्कामै मिसिन खोज्ने संघर्ष जस्तो लाग्छ ।' तर, त्यो संघर्षमा पनि थकान हुन्छ होला नि, बिर्षन मन नलाग्ने चिन्ताले भरिएको असिनासँगको हुरी र झरि परेको निसपट्ट कालो रात जस्तो देख्न र बुझ्न नसकिने महशुस हुँदोरहेछ प्रेम ।

उता सोममाया पनि प्रेमकै कारण कहिलेकाहीँ फेरि नयाँ भएर उठ्थिन्, जसरी रातभरि वर्षाको बेला रुखको हाँगामा बसेको चरा बिहान शरिरको सबै पानी झारेर उढे झैँ । सोममायालाई उनका परिवारले तान्छुहाङबाट टाढै राख्न चाहन्थे । नकि सोममायाको परिवारले तान्छुहाङलाई गाउँले, पाखे, र आभारा सम्झिन्थे । न कि सोममायाको परिवारलाई गरिबीभित्र पनि प्रेमको फूल फक्रिन सक्छ भन्ने लाग्दैनथ्यो ।

सोममायाकोलागि भने यही प्रेम उनको लागि पाठशाला बन्यो । धेरै कुरा बुझिन्, सहने कला, स्वीकार्ने शक्ति, र प्रेम सौन्दर्यको परिभाषा । एक साँझ, जब सहरका बत्तीहरू एक-एक गर्दै झिल्मिलाउन थाले, फूलमाया छतमा गइन् । माथि आकाश छ अनन्त, तर मौन । त्यही मौनताले उनको गुम्सिएको आवाज सुनेजस्तै उनलाई फर्केर प्रश्न सोध्यो, 'तिमी आफैँसँग किन डराउँछ्यौ ?'

सोममाया झस्किन् । तर उत्तर स्पष्ट थियो, उनी बाध्यताको बन्धनमा छिन् । त्यो बन्धनको डोरी चुँडाउन उनलाई निक्कै कठिन छ । अझ उनी धेरै टाढाको देश पुगेकी छन् । आफैँलाई बुझ्न चाहन्थिन् । किनकि आफूलाई बुझ्नु भनेको आफ्नै अँध्यारोलाई अङ्गाल्नु पनि हो । तान्छुहाङ र सोममायाको प्रेम छोटो मिठो तर अधुरो । पहाडको बीचमा बग्ने खहरे जस्तो, ती प्रेमिल भावनाहरू छिट्टै जन्मिएर, छिट्टै हराए ।

विहानको झिसमिसेमा तान्छुहाङ घरबाट अलिपरको विखे डाँडामा बाँधेका हल गोरुलाई घाँस हालेर फर्किदै थिए, कुइनेटामा जम्काभेट भएकी चन्द्रमुखीले तान्छुहाङलाई झट्ट सुनाइन्-'सोममायालाई त उनका परिवारले अमेरिका पठाएछन् नि, हिजो नै काठमाण्डौंबाट उडिन रे ।' यो खवरले तान्छुहाङलाई झस्कायो, तर पत्यार लागेन । त्यहाँबाट सिधै तान्छुहाङ सोममायाकातिर हानिए । तर सँधाझै उज्यालो थिएन सोममायाको घर । सुनसान थियो ।

गाउँको सामाजिक प्रतिबन्ध, नव धनाढ्य र गरिबीको अन्तरविरोधमा फसेको चेतनाले उनीहरुलाई अलग बनायो । उनीहरू अलग भए, तर मनको कोरामा सधैं एकअर्काको याद बाँचिरह्यो । समय बित्दै गयो । सोममाया अमेरिकी शहरको व्यस्त जीवनमा हराएपनि मनमा तान्छुहाङको सम्झना कहिल्यै मेटिएन । तान्छुहाङ पनि गाउँमा आफ्नो जीवनमा व्यस्त थिए, तर हरपहल सोममायाको मुस्कान, प्रेमको न्यानोपन, आवाजको मधुरता, कहिल्यै बिर्सिन सकेनन् ।

दशकौंपछिको एकदिन पहाडको शीरमा लाग्ने हटिया भर्न उकालो चढ्दै गर्दा चौतारी भन्ज्याङमा तान्छुहाङले सोममायालाई भेट्यो । समयले अनुहारलाई परिमार्जन गरेको थियो, तर आँखाको चमक र हाँसोको मिठास भने उस्तै थियो ।

'तान्छुहाङ !' सोममायाले पनि झट्ट देखिन् र उच्च आवाजमा बोलाइन् । आवाजमा अचम्मको थोरै डर, कौतुहलता र आश्चर्य मिसिएको थियो । सोममाया... यतिका वर्षवितिसक्दापनि मैले तिमीलाई कहिल्यै बिर्सिन सकिनँ । तान्छुहाङले डराउँदै भने । सोममायाले बुढ्यौली पनले छोएको तान्छुहाङलाई अगालो मारिन् र छातीमा मुढ्कीले हान्दै रुँन थालिन् । तान्छुहाङ पनि भक्कानिए ।

दुबैजनाको माथिंगलमा विगत फनफनी घुमिरयो । उनीहरू नजिकिए, पुराना यादहरू फेरि ताजा जस्तै भएभएर रिल घुमेझैं फनफनी घुमिरहे । मनको बाँध खुलेझैँ भयो । विछोडले ल्याएको वेदना अब स्मृतिका मिठासमा परिणत भएको थियो । 'म तिमीबाट हराए पनि, कहिल्यै माया हराएको थिएन ।' सोममायाले उसको हात समात्दै भनिन् । दुबैले एक अर्कालाई पर्खिंदै दशकौं विताएका थिए ।

त्यो दिन, तान्छुहाङ र सोममायाले आफ्नो अमिट प्रेमलाई फेरि जीवनमा बिउँझाए । विछोडले दूरी ल्यायो, तर प्रेमले पुनर्मिलनको मिठास दियो । उनीहरूका आँखामा अतीत र भविष्यको संगम झल्कियो । सोममायाले 'तान्छुहाङको हात' समातिरहिन् ।

# पानीपुरी



✍ **एलिसा दाहाल**

कक्षा-६, नवोदय शिशु सदन

मलाई खान मनपर्छ घरी घरी
अमिलो, पिरो ट्वाक्क पानीपुरी
पुरी बन्छ पिठोले
बन्छ चोखा आलुले ।

पानीमा हाल्छन् मसला
खायौ भने धेरै पिरोले मरौला
गएँ म मेलामा
खाएँ पानीपुरी ठेलामा ।

पानीपुरी फुल्छ तेलमा
खाए मैले ख्याल ख्यालमा
पानीपुरीको चटपटे पानी
पुरीमा हालेर खानी ।

# हेटौंडा-४ ले खेलकुद, शैक्षिक प्रदर्शनी, चित्रकला, नृत्य प्रतियोगिता गर्दै

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ सामुदायिक र संस्थागत विद्यालयबीच सहकार्य गर्ने लक्ष्यको साथ हेटौंडा उपमहानगरपालिका ४ नं. वडा कार्यालयको आयोजनामा विविध प्रतियोगिता सहित सम्मान कार्यक्रम हुने भएको छ ।




शैक्षिक, खेलकुद तथा सिर्जनात्मक गतिविधिलाई प्राथमिकतामा राख्दै वडा कार्यालयले जिल्लास्तरीय शिक्षक भलिबल, तेस्रो बृहत खेलकुद प्रतियोगिता, विद्यार्थी र अभिभावक सम्मान, शैक्षिक प्रर्दशनी, चित्रकलादेखि नृत्य प्रतियोगिता गर्न लागेको हो । शुक्रबार आयोजित पत्रकार सम्मेलनमा वडाअध्यक्ष नवीन सिग्देलले प्रतियोगिताबारे जानकारी गराएका हुन् । उनका अनुसार बैशाख १८ गतेदेखि सुरु भएको जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको फाइनल खेल वैशाख १९ गते शनिबार हुनेछ ।

प्रतियोगितामा प्रथम हुने टोलीले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने दोस्रो पुरस्कार १५ हजार र तेस्रो पुरस्कार १० हजार रुपैयाँ प्राप्त गर्नेछ । सान्त्वना स्थान प्राप्त गर्ने दुई टोलीलाई ५/५ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । बैशाख २७ गते आधुनिक राष्ट्रिय माविमा तेस्रो बृहत खेलकुद प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम हुने भएको छ । नगरस्तरीय फुटबल, भलिबल, क्रिकेट र बास्केटबल सहित वडास्तरीय एथलेटिक्स, हाजिरजवाफ, निबन्ध, कवितावाचनलगायत विधामा प्रतियोगिता सम्पन्न भएको आयोजकले जनाएको छ । पुरुष शिक्षकबीच फुटबल तथा महिला शिक्षक बीच टग अफ वार प्रतियोगिता गरिएको थियो ।

प्रतियोगितामा करिब १२ सय विद्यार्थी सहभागी भएको र झण्डै ३ सय ५० जना विजेताले पुरस्कार प्राप्त गर्ने अध्यक्ष सिग्देलले बताए । कक्षा ८ मा उत्कृष्ट विद्यार्थी, अभिभावक र शिक्षकलाई सम्मान तथा पुरस्कार वितरण गरिने भएको छ । ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई जनही ५ हजार सहित अभिभावकलाई समेत सम्मान गर्ने उनले जानकारी दिए । जेठ १४ गते हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा चौथो बृहतशैक्षिक प्रदर्शनी, चित्रकला तथा नृत्य प्रतियोगिता आयोजना गरिने भएको छ । कार्यक्रममा करिब १० हजार जनाले अवलोकन गर्ने अपेक्षा गरिएको आयोजकले जनाएको छ ।

नगरस्तरीय शैक्षिक प्रदर्शनीमा विज्ञान विषयमा आधारित प्रस्तुति रहनेछ । प्रदर्शनीतर्फ प्रथम हुनेलाई ३० हजार, दोस्रोलाई २० हजार, तेस्रोलाई १० हजार तथा सान्त्वना पुरस्कार ५ हजार रुपैयाँ प्रदान गरिनेछ । '२० वर्षपछिको हेटौंडा' विषयमा चित्रकला प्रतियोगिता आयोजना गरिनेछ भने नगरस्तरीय नृत्य प्रतियोगितामा राष्ट्रिय, नेपाली मौलिक भाषा तथा संस्कृति झल्कने गीतमा प्रस्तुति रहनेछ ।

पत्रकार सम्मेलनमा वडाअध्यक्ष सिग्देलले यही जेठ २ गते ४ नं. वडा भित्रका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीलाई हेयर कटिङ, ब्युटिसिएन र इलेक्ट्रिकको उद्यमशीलता तालिम प्रदान गरिने जानकारी दिए । शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा हुने कार्यक्रमको अनुमानित लागत १० लाख रुपैंया रहेको छ ।

# सिस्नेरी र कोगटेको पानी उपत्यका लैजाने तयारी



साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ मकवानपुरको सिस्नेरी र कोगटे खोलाको पानी काठमाडौं उपत्यका लैजाने योजना तयार भइरहेको छ ।

५ वर्षदेखि सिस्नेरी र कोगटे खोलाको पानी काठमाडौं लैजान भइरहेको अध्ययनपश्चात विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरिएको हो । मकवानपुरको उत्तरीक्षेत्रमा पर्ने भीमफेदी गाउँपालिका-८ र सिस्नेरी गाउँपालिका-३ को दोभान पैयुदमार बाट लगेको पानी ललितपुरको भैंसेपाटीस्थित ट्यांकीमा खसाल्ने योजना रहेको छ । भैंसेपाटीमा संकलन भएको पानी काठमाडौंको विभिन्न भागमा वितरण गर्ने योजना बनाइएको छ । भीमफेदीको कोगटे खोला र ईन्द्रसरोवर गाउँपालिकाको सिस्नेरी खोलाको दोभान पैयुदमारमा ५० मिटर लम्बाई र ६५ मिटर उचाइको ड्याममा पानी संकलन गरी पम्पिङ गरेर पाइपलाइनमार्फत् उपत्यकामा लैजान लागिएको हो ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक डा. डोलप्रसाद चापागाईले उपत्यकामा देखिएको पानीको समस्या समाधानका लागि पैयुदमारको दोभानबाट पानी लैजान लागेको बताए । पैयुदमारमा बाँध बनाएर संकलन गरिएको पानी पम्पिङ गरेर सिस्नेरी गाउँपालिका-३ को दाबराङ डाँडामा पानी पुऱ्याउने र त्यहाँबाट विनापम्पिङ ग्राभिटीफ्लो भएर पानी ९ किलोमिटर दुरीमा रहेको ललितपुरको मख्खुबेंसी पुग्नेछ । मख्खुबेंसीमा पानीको सुद्धीकरणका लागि 'ट्रिटमेन्ट प्लान्ट' निर्माण गरिने निर्देशक चापागाईले बताए ।

ट्रिटमेन्ट प्लान्टबाट डबल पम्पिङ गरेर भैंसेपाटीमा रहेको ट्यांकीमा खसालिने योजना रहेको उनले बताए । पैयुदमारबाट भैंसेपाटी २० किलोमिटरको दुरीमा पर्छ । '२० किलोमिटर पाइपलाइन गरेर काठमाडौं उपत्यकामा पानी वितरण गरिनेछ,' उनले भने । तीन दसकको अथक प्रयासबाट मेलाम्चीको पानी काठमाडौं पुऱ्याउँदा पनि पानीको माग धान्न सक्ने अवस्था नदेखिएपछि मेलम्चीको बिकल्प कोगटे खोला रोजिएको हो । करिब ३३ अर्ब लागतमा निर्माण हुने यो आयोजनाबाट वर्षायाममा दैनिक १४ करोड लिटर र सुक्खायाममा ८ करोड लिटर पानी भैंसेपाटीको ट्यांकीमा खसालिनेछ ।

यो आयोजना अन्तर्राष्ट्रिय दातृसंस्था, नेपाल सरकार र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको संयुक्त लगानीमा निर्माण गरिने कार्यकारी निर्देशक चापागाईले बताए । आयोजनाको निर्माणको सुरुवात २ वर्षभित्र गर्ने लक्ष्य रहेको उनले बताए ।

काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फाष्ट ट्र्याक) भन्दा झण्डै एकसय मिटरमाथि पैयुदमारमा ड्याम निर्माण गरिने स्थल भीमफेदी गाउँपालिकामा पर्छ । सिस्नेरी र कोगटे खोलाको संगम पैयुदोभान हो । दुवै खोलाको पानी मिसिएर बगेपछि करिब तीनसय मिटर तल रहेको बागमती खोलामा मिसिन्छ । भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले काठमाडौंको खानेपानी समस्या समाधानका लागि यहाँको पानी लैजान पालिकाले सहमति दिएर समन्वय पनि गर्दै आएको बताए ।

यो आयोजनाले प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक, भौतिक र सांस्कृतिकरुपमा पार्ने प्रभावबारे छिट्टै सार्वजनिक सुनुवाई गर्न लागेको अध्यक्ष लामाले बताए । दुवै खोलाको पानी अहिले कुनै प्रयोगमा नरहेको अध्यक्ष लामाले बताए ।

# उचित व्यवस्थापनपछि मात्र बस्ती हटाउने सरकारी आश्वासन, ढुक्क छैनन् सुकुमवासी



काठमाडौं/सहरी विकास मन्त्री सुनील लम्सालले बिहीबार बाँकी सुकुमवासीहरूको पहिचान र उचित व्यवस्थापनको खाका तयार नभएसम्म बस्ती खाली गर्ने प्रक्रिया अगाडि नबढ्ने बताए पनि भूमिहीनहरू ढुक्क हुन सकेका छैनन् । 'मेरो घर त झन सरकार ले त्यस्तो भनेको भोलिपल्टै भत्कायो,' शंखमुलस्थित सुकुमवासी बस्तीमा बस्दै आएका पवन गुरुङ भन्छन्, 'सुकुमवासी पहिचान गरेर उचित व्यवस्थापन गरेपछि मात्र भत्काउँछ रे ! भनेको सुन्दा ढुक्क भएको थिएँ, आज दिउँसो घर भत्किएपछि बेहोस होला-होला जस्तो भयो ।'

घरमा डोजर लागेपछि भक्तपुरको खरिपाटीस्थित विद्युत तालिम केन्द्रमा आश्रय लिन पुगेका गुरुङ संयुक्त राष्ट्रिय सुकुमवासी मोर्चाको उपाध्यक्ष समेत हुन् । दशरथ रंगशालामा पुगेर नाम टिपाएर फर्केका उनी भन्छन्, '५३ वर्षदेखि बस्दै आएको घरमा डोजर लगाउने नै हो भने पनि पहिला हामीलाई व्यवस्थापन गर्नुस् भनेका थियौं, हाम्रो कुरा कसैले सुनेनन् । आँखै अगाडि घर भत्किएको देख्दा बृद्ध भत्ता खाने उमेरमा पनि आँशु थामिदो रहेनछ ।'

शुक्रबार मध्यान्ह संचार कर्मकिर्मी शंखमुल पुग्दा ५६ वर्षीय बालकृष्ण हुमागाईंकी कान्छी छोरी भत्किँदै गरेको आफ्नो घर हेरेर सुँकसुकाई रहेकी थिइन् । बस्ती नजिकैको सामुदायिक विद्यालयमा कक्षा ६ मा पढ्ने उनको किताबले भरिएको झोला बोकीरहेकी थिइन् । बालकृष्णकी श्रीमतीको हातमा सेतो कुकुर थियो । १८ घण्टा अगाडि मात्र सूचना पाएकी उनले घरको सामानलाई असरल्ल छाडेर कुकुर लाई डोहोऱ्याइरहेकी थिइन् ।

श्रीमतीतर्फ लक्षित गर्दै बालकृष्णले भने, 'कुकुरलाई त माया मार्न सकिँदैन । हामी त मान्छे हौं नि हजुर ! व्यवस्थापनै नगरी यसरी उठिवास लगाउन पाइन्छ र ?' सरकारले पहिला व्यवस्थापन गर्छ भन्ने समाचार फेसबुकमा पढेपछि उनी भाडाको गाडी चलाएर बिहीबार साँझ रामेछापको मन्थली पुगेका रहेछन् । श्रीमतीले 'नगर पालिकाले माइकिङ गऱ्यो' भनेर फोन गरेपछि उनी हतार-हतार सार्वजनिक बसमा घर फर्किए ।

बालकृष्ण फर्किंदा उनी आफू ६ वर्षको हुँदादेखि बस्दै आएको उनको घर पुरै खाली भइसकेको थियो । छानो-झ्याल केही बाँकी थिएन । डोजर लाग्न मात्र बाँकी थियो । 'मेरो आमा र बुबाले २०३३ सालमा पाँच हजार रुपैयाँमा किन्नु भएको रे । उहाँहरू दुवै जना यही घरमा बित्नु भयो । चार नाती नातीना सहित ९ जनाको परिवार बस्दै आएका छौं' उनले संचारकर्मीसँग भने ।

दशरथ रंगशाला पुगेर नाम सुकुमवासीमा दर्ता गरेर फर्केका उनले होल्डिङ सेन्टरमा भोलि मात्र बोलाएको बताए । एक रात आफ्नो खण्डहर बनेको घर अगाडिको चौरमा टेन्ट बनाएर बस्न लागेको बताए । शुक्रबार राति उनी परिवारसहित मन्दिर अगाडि भेटिए । छोरी मन्दिरभित्र थिइन् ।

सरकारले डोजर लगाउनु अघि लगत संकलन, प्रमाणीकरण र व्यवस्थापनको तयारी गरेको भए बालकृष्णहरू घर भत्किए पनि टेन्ट सुत्नुपर्ने अवस्था पक्कै आउने थिएन । अतिक्रमित बस्ती खाली गराउँदा व्यवस्थापन गर्ने जिम्मेवारी पाएको केन्द्रीय समन्वय समितिका संयोजक समेत रहेका शहरी विकास मन्त्री सुनील लम्सालले भने वर्षायाममा बाढीको उच्च जोखिममा रहेका नदी किनारका बस्तीहरूलाई मानवीय सुरक्षाको दृष्टिकोणले मात्र खाली गरिएको स्पष्टीकरण दिएका छन् ।

मन्त्री लम्सालको यस्तो धारणा सार्वजनिक भएकै दिन बिहिवार गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेर 'जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरू रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी यस मन्त्रालयमा पठाउन र मन्त्रालयको स्विकृत पश्चात अतिक्रमण हटाउने कार्यका लागि यथोचित सुरक्षा लगायतका प्रबन्ध' गर्न निर्देशन दिएको छ ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले सरकारले योजनावद्ध र व्यवस्थित ढंगले अतिक्रमण हटाउनका लागि यस्तो परिपत्र गरेको बताउँछन् । बिहीबारै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ वटै पालिकालाई पत्र लेखेर सुकुमवासी पहिचान, तत्काल अन्यत्र व्यवस्था गर्ने योजना र अतिक्रमण हटाउन आवश्यक परे जिल्ला प्रशासन कार्यालयसँग सहयोग माग गर्न भनेको छ ।

गृह र संघीय मामिला मन्त्रालयले लगत संकलनमा देखाएको तादरूकतालाई सरोकारवालाहरूले सकारात्मक रुपमा लिएका छन् । यसबाट ढुक्क हुने अवस्था भने बनी नसकेको संयुक्त राष्ट्रिय सुकुमवासी मोर्चाका अध्यक्ष कुमार कार्की बताउँछन् । काठमाडौं बाहिर दाङ, विराटनगर लगायतमा बस्ती खाली गर्ने सूचनाले आफूहरूलाई झस्काएको कार्कीको भनाइ छ ।

नेपाली सेना र नेपाल प्रहरीले सुकुमवासीको लगत संकलन गरेको तथ्य बाहिरिएपछि त्यसको चर्को आलोचना भयो । 'सेना-प्रहरीले तथ्यांक लिँदा आलोचना भयो भनेर मन्त्रालयले पत्र पठाएको होइन र साँच्चै व्यवस्थापन गरेर मात्र अन्य काम अगाडि बढाउने हो भने त्यो राम्रो कुरा हो,' कार्की भन्छन् ।

जिल्ला प्रशासन कार्यालय, काठमाडौंले वैशाख १६ गते बस्ती हटाउन लागेको सूचना जारी गरेको थियो । त्यही सूचना अनुसारै शुक्रबार देखि बल्खु, बंशीघाट, शंखमुल लगायतका बस्तीमा डोजर लगाइएको छ । काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजाल १६ गतेको सूचनाभन्दा फरक निर्देशन नआएको बताए । उनी भन्छन्, 'हामी १६ गते सूचना अनुसार काम गरिरहेका छौं, थप निर्देशन आए नआएको मेरो जानकारीमा छैन ।' बस्तीहरूबाट मानिसहरूलाई पहिलो आश्रयस्थलमा ओसारपसार गरेपछि उक्त स्थलमा खाना, खाजा, पानीको व्यवस्था गर्ने जिम्मा काठमाडौं महानगरपालिकाको हो । काठमाडौं महानगरका प्रमुख अतिक्रमित बस्ती खाली गराउँदा व्यवस्थापन गर्न बनेको केन्द्रीय समन्वय समितिको सदस्य छन् ।

काठमाडौं महानगर पालिकाका प्रवक्ता नवीन मानन्धर अतिक्रमित बस्ती हटाउने सन्दर्भमा नयाँ निर्णय भएको आफूलाई जानकारी नभएको बताउँछन् । केन्द्रीय समन्वय समितिको निर्देशन अनुसार महानगरले आफ्नो जिम्मेवारी पुरा गरिरहेको उनको भनाइ छ । १३ चैतमा सरकारले स्विकृत गरेको सय बुँदे कार्यसूची अनुसार १३ जेठभित्र देशभरीका भूमिहीनहरूको लगत संकलन र प्रमाणीकरण भइसक्नु पर्दछ ।

भूमि समस्या समाधान आयोगका अनुसार देशभरी १२ लाख ९ हजार ५४५ भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी छन् । जसमध्ये ९८ हजार ५०२ भूमिहीन दलित र १ लाख ८० हजार २९३ भूमिहीन सुकुमवासी छन् । सुकुमवासी मोर्चाका अध्यक्ष कार्की कम्तिमा वास्तविक भूमिहीन दलित र भूमिहीन सुकुमवासी पहिचान गरेर मात्र अन्य काम गर्न सुझाउँछन् । उनी भन्छन्, 'सरकारको प्रष्ट धारणा आएको भए देशभरका साथीहरूलाई जवाफ दिन सजिलो हुन्थ्यो ।'

*(स्रोत: अनलाइनखबर)*

रोल्पा जिप दुर्घटना :

# एकै परिवारका ९ जनाको दुखान्त, सपनै रह्यो अमेरिका र नयाँ घर

काठमाडौं/केही दिनमै छोरी अमेरिका उड्ने तयारीमा थिइन्, उता गाउँमा भर्खरै ठड्याएको नयाँ घरमा सर्ने चटारो थियो । यही खुसीयाली मनाउन र भाकल बुझाउन घोराही उपमहानगरपालिका-१५ रत्नपुरका यमबहादुर र द्रोपदा जिसी दम्पती छोरी, बुहारी र नातिनातिनी सहित ९ जनाको परिवार लिएर घरबाट निस्किएका थिए ।

यसका लागि उनीहरूले शुक्रबार परेको चण्डी पूर्णिमाको अवसरलाई रोजे । तर पूर्णिमाको अघिल्लै दिन भएको सडक दुर्घटना उनीहरूका लागि कालरात्रि बन्यो । उनीहरूको खुसीले गन्तव्य भेट्टाउन पाएन । शुक्रबार रोल्पाको जलजलामा हुने पूजाआजामा सहभागी हुन जिसी दम्पती लगायत सवार जिप रुकुमकोट बाट रोल्पाको जलजलातर्फ जाँदै थियो । २१ जना सवार उक्त जीप थबाङ गाउँपालिका-१ र ४ नम्बरको सिमानामा पर्ने डाँडामा दुर्घटनामा पऱ्यो । प्रहरीको प्रारम्भिक अनुसन्धानका अनुसार, वर्षात्का कारण बाटो चिप्लो हुँदा दुर्घटनामा परेको जिपमा सवार २० जनाको घटनास्थलमै ज्यान गयो भने जीसी परिवारका ९ जना पनि एकै चिहान बने ।

**भाकल पूरा गर्न जाँदा दुर्घटना**

छिमेकी तथा नातामा आफन्त पर्ने मालती थापाका अनुसार पूर्वप्रहरी यमबहादुर र उनकी श्रीमती द्रोपदा घोराही-१५ रतनपुरमा बस्दै आएका थिए । उनीहरूकी छोरी २८ वर्षीया युभा बिसीका श्रीमान् दीपक बुढाथोकी (यमबहादुरका ज्वाइँ) अमेरिकी ग्रिनकार्ड होल्डर हुन् । यमबहादुरकी छोरी युभा श्रीमान् दीपकलाई भेट्न वैशाख २९ गते अमेरिका जाने तयारीमा थिइन् ।

जिसी परिवारमा एकसाथ दुईवटा खुसी थपिएका थिए । पहिलो- छोरी अमेरिका जाँदै थिइन् । दोस्रो- लामो समयपछि बनेको नयाँ घरमा जिसी दम्पती सर्ने तयारीमा थिए । संयोगले एकसाथ जुरेको खुसियाली मनाउन यमबहादुर सपरिवार दर्शनका लागि जलजला जाँदै थिए । उता रुकुम पूर्वमा रहेका युभाका देवर बिरामी भएकाले उनको स्वास्थ्यलाभको भाकल बुझाउन पनि उनीहरू त्यसतर्फ जाँदै थिए । 'छोरी युभा अमेरिका जान लागेकाले परिवारमा खुसियाली छाएको थियो,' छिमेकी मालतीले भनिन्, 'एकैसाथ खुसी मनाउन हिँडेको परिवारको एकै चिहान हुन पुग्यो ।'

यमबहादुर र श्रीमती द्रोपदासहित छोरी युभा र उनका १० वर्षीय नाति दिव्यन बिसीले ज्यान गुमाए । त्यस्तै, जिसी दम्पतीकै बुहारी तिला विष्ट जिसी र उनका दुई छोराछोरी ७ वर्षीय जेनिस र १२ वर्षीया जेनिसाको पनि ज्यान गयो । तिलाका श्रीमान् गोविन्द जिसी पनि अमेरिकामै छन् । दुर्घटनामा जिसी दम्पतीकी २५ वर्षीया छोरी एलिना जिसी र उनका ७ वर्षीय छोरा संयोग जिसीले पनि ज्यान गुमाए । एलिनाका श्रीमान् अहिले इटालीमा छन् ।

**नयाँ घरमा सर्न नपाउँदै अस्ताए**

यमबहादुर जिसी दम्पतीले घोराहीकै रतनपुरमा भर्खरै नयाँ घर बनाएका थिए । त्यसअघि उनीहरू रतनपुरमै सानो घरमा बस्दै आएका थिए । छिमेकीका अनुसार जिसी परिवारले धेरै लामो मिहिनेतपछि त्यस क्षेत्रमा ठूलै घर हालेको थियो ।

केही दिनमा दम्पती त्यो नयाँ घरमा सर्ने तयारीमा थिए । तर नयाँ घरमा बस्न नपाउँदै बिहीबार जिसी परिवार अस्तायो । छिमेकी मालती थापाका अनुसार जिसी परिवार टोलकै सुखी र खुसी परिवारमा पर्थ्यो । सबैजसो छोरा-ज्वाइँ विदेशमै थिए । त्यसमाथि छोरी पनि अमेरिका जान लागेको खुसी झन् थपिएको थियो ।

उनले यो घटना आफूलाई पत्याउन मुस्किल भइरहेको बताइन् । 'केही दिनअघि हाँस्दै-रमाउँदै गएको परिवार यसरी फर्किएला भनेर कसले सोचेको होला र ?' उनले भनिन्, 'सपना हो कि विपना, पत्याउन गाह्रो भइरहेको छ । यो घटनाले पूरै गाउँ शोकमग्न भएको छ ।

# सुशीलको हातमा फिल्मै फिल्म, 'महाराजधिराज'मा पनि जोडिए



काठमाडौं/यतिबेला नेपाली फिल्ममा चरित्र अभिनेताको रूपमा सबैभन्दा बढी खोजी र माग कसैको भइरहेको छ भने त्यो सुशील सिटौलाको हो । हप्तैपिच्छे उनी नयाँ फिल्ममा अनुबन्धित हुनुले पनि उनको माग प्रस्ट दर्शाउँछ । केही साताअघि उनी फिलम 'पाँच पाण्डव'को छायांकनमा जोडिएका थिए । आज शुक्रबार उनको नयाँ फिलम 'अक्षरा'को शुभ मुहूर्त गरिएको छ ।

अब उनी अर्को फिल्ममा अनुबन्धित भएका छन् । यही वैशाख अन्तिमबाट छायांकन सुरु हुन लागेको फिल्म 'महाराजधिराज'मा उनको प्रवेश भएको हो । उनीसँग बिहीबार निर्माता विराज विष्टले लिखित सम्झौता गरेका हुन् । फिल्मको एक महत्त्वपूर्ण भूमिकामा उनलाई अनुबन्धित गरिएको निर्माता विष्टले जानकारी दिए । तर, सुशीलको भूमिकाबारे भने उनले खुलाएका छैनन् ।

परिच्छेद सेनको लेखन तथा निर्देशनमा बन्न लागेको यस फिल्ममा सुशीलसहित पुष्प खड्का, केकी अधिकारी, हेमन्त बुढाथोकी, नीर शाह, आर्यन सिग्देल, रमेश उप्रेती, पूजा शर्मा, उषा रजक, हिउँवाला गौतम, जयकिशन बस्नेत, शिशिर भण्डारी, गजित विष्ट लगायतको अभिनय रहनेछ । फिल्मको कथा पुष्पले निभाउने अधिराज पात्रको वरिपरि घुम्ने बताइएको छ ।

नवराज थापाको छायांकन रहने फिल्मका निर्माता रवि खड्का, शिवराज पौडेल र टोपेन्द्र विष्ट हुन् । सुनसरीको श्रीलंका टापुबाट छायांकन सुरु गर्न लागिएको यस फिल्मलाई काठमाडौं, भक्तपुर र कीर्तिपुरमा पनि खिचिने जनाइएको छ । आगामी असारभित्र छायांकन सकेर फिल्मलाई यसपालिको दशैंको फूलपातीमा प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



### हेटौंडामा श्रमिक दिवस मनाइयो

# प्रदेश प्रमुख र मुख्यमन्त्रीद्वारा शुभकामना सन्देश जारी

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ १ सय ३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस शुक्रबार हेटौंडामा मनाइएको छ । प्रत्येक वर्ष मे १ को दिन विश्वभर मनाइने यो दिवस नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) मकवानपुरको आयोजनामा शुक्रबार हेटौंडामा प्रभातफेरी र सभा गरिएको छ ।

मजदुर दिवसलाई मे दिवस पनि भनिन्छ । सन् १८८६ मे १ को दिन संयुक्तराज्य अमेरिकामा भएको आमहड्तालको सम्झनामा प्रत्येक वर्ष यो दिवस मनाइन्छ । मजदुर दिवसको अवसरमा बुद्धचोक बाट ऱ्याली निकालिएको थियो । हेटौंडा बजारको परिक्रमा गरी ऱ्याली हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा पुगेर सभामा परिणत भएको थियो । 'कामको अधिकार, श्रमको सम्मान, सीपको अभिवृद्धि : प्रविधिसँग प्रगति-श्रमिकसँग समृद्धि' भन्ने नाराकासाथ मजदुर दिवस मनाइएको छ । जिफन्ट मकवानपुरका अध्यक्ष शम्भु लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर रानामगरको प्रमुख आतिथ्य रहेको थियो ।




कार्यक्रममा नेकपा एमालेको केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य भारती पाठक, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, संविधानसभाका सदस्य अन्नत पौडेलको उपस्थिति रहेको थियो ।

**प्रदेशप्रमुख र मुख्यमन्त्रीद्वारा शुभकामना सन्देश जारी**

बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले आफ्नो अधिकारसँगै कर्तव्यप्रति सजग रहँदै मुलुकको आर्थिक-सामाजिक रुपान्तरणमा थप ऊर्जासहित लाग्न आग्रह गरेका छन् । मजदुर दिवस, बुद्धजयन्ती र उभौली पर्वको अवसरमा शुक्रबार शुभकामना व्यक्त गर्दै उनले यस्ता दिवस तथा पर्वले सबैलाई सकारात्मक ऊर्जा र प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरेका छन् ।

प्रदेशप्रमुख देवकोटाले श्रमिकको हकअधिकार र पेशागत मर्यादा सुनिश्चित गर्न हरेकवर्ष मे १ तारिखमा अन्तर्राष्ट्रिय मजदुर दिवस मनाइने उल्लेख गर्दै श्रमिकवर्गको निरन्तर मेहनत, लगनशीलता र समर्पणबाट उत्पादनशीलता वृद्धि भई राष्ट्रको समृद्धि सुनिश्चित हुने बताएका छन् । 'कुनैपनि राष्ट्रको आर्थिक विकास र समृद्धिको मेरुदण्ड श्रमिकको पसिना, सीप र जागर नै हो,' उनले भने । विश्वमा बढ्दो द्वन्द्व र अशान्तिकाबीच बुद्धका शिक्षा अझ सान्दर्भिक बन्दै गएको उनको भनाई छ ।

त्यसैगरी मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले देशको आवश्यकता र श्रमबजारअनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्न प्रदेश सरकार प्रभावकारी योजना सहित अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले स्वदेशमै पर्याप्त रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा जोड दिए । वैदेशिक रोजगारीलाई सीपयुक्त, सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै सम्मानजनक रोजगारीको वातावरण निर्माण गर्न आवश्यक रहेको उल्लेख गरे । मुख्यमन्त्री बानियाँले नेपालसहित विश्वभरका श्रमजीवी वर्गसँग ऐक्यबद्धता जनाउँदै सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न श्रमिकको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । उनले भने, 'नेपाली श्रमजीवी जनसमुदायलाई समृद्धिको नयाँ युगमा पुऱ्याउने ऐतिहासिक जिम्मेवारी हाम्रा सामु छ ।' मजदुर तथा श्रमजीवीवर्गको हितमा प्रदेश सरकार सधैँ अभिभावकको भूमिकामा रहने उनले विश्वास व्यक्त गरे ।

मुख्यमन्त्री बानियाँले करिब १४० वर्षअघि सन् १८८६ मा अमेरिकाबाट सुरु भएको श्रमिक आन्दोलन स्मरण गर्दै सन् १८८९ मा पेरिसमा सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले मे १ लाई मजदुर दिवसकारुपमा मनाउने निर्णय गरेको उल्लेख गरे । त्यसयता विश्वभर मे दिवस श्रमिक एकता, संघर्ष र अधिकारको प्रतीककारुपमा मनाइँदै आएको छ ।

# वडा सीमा विवाद सुल्झाउने सुझावमाथि अध्ययन जारी

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कतिपय स्थानीय तहका केही वडाको सीमाङ्कनसम्बन्धी समस्याका कारण जनताले भोग्नु परेको समस्यालाई नीतिगतरुपमै समाधान गर्न तयार गरिएको मापदण्डको मस्यौदाका सम्बन्धमा प्राप्त सुझाव अध्ययन गरिरहेको जनाएको छ ।

सीमाङ्कन र भू-भाग एकातिर सिफारिस अर्कातिरबाट हुँदा जनतालाई परेको अप्ठेरो र गुनासो सम्बोधन गर्न मन्त्रालयले नीतिगत रुपमै समस्या सुल्झाउन त्यससम्बन्धी कानुन निर्माणका लागि मापदण्डको मस्यौदा तयार गरी आम जनतासँग सुझाव र राय परामर्श माग गरेको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव दीपक ढकालले स्थानीय तहबाट अध्ययन गरी मापदण्डका आधारमा गाउँपालिका महासंघ र नगरपालिका संघका पदाधिकारीसँगको छलफल र परामर्शमा मापदण्डको मस्यौदालाई अन्तिमरुप प्रदान गर्न अध्ययन भइरहेको जानकारी दिएका छन् ।

यसअघि मापदण्डको मस्यौदामा केही छ भने सुझाव पाउ भनी सरोकारवाला पक्षसँग मन्त्रालयले आह्वान गरिसकेको छ । उपसचिव ढकालकाअनुसार कतिपय स्थानीय तह तथा नगरपालिका, उपमहानगर पालिका गाभिएर महानगरपालिका बनाउन हालको नगरपालिकाको वर्गीकरणलाई पुनरावलोकन गर्ने भन्ने विषय पनि उठेको छ । त्यस्तो अवस्थामा वर्गीकरणमा समेट्न सकिने गरी मापदण्डको मस्यौदाबारे मन्त्रालयमा विभिन्न चरणमा छलफल भइसकेको छ । स्थानीय तह सञ्चालन ऐनमा स्थानीय तहमा साँध सीमाना एकआपसमा गाभिनसक्ने प्रावधान छ । मुलुकका झण्डै १०० भन्दा बढी स्थानीय तहबाट स्थानीय तहको केन्द्र परिवर्तनका कुरा उठेको मन्त्रालयले जनाएको छ ।

विस २०७४ मा ७५३ स्थानीय तह रहने व्यवस्था भएसँगै आमजनताको घरनजिक स्थानीय सरकारकारुपमा पालिका सरकार सञ्चालन छ । मुलुकमा हाल एक केन्द्र सरकारसहित सात प्रदेश सरकार र ७५३ स्थानीय सरकार अभ्यासमा छन् । हाल मुलुकमा ६ महानगर पालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका ४६० गाउपालिका र ६ हजार ७४३ वटा वडा कायम छन् । विगतमा स्थानीय तह नाम र संख्या सिफारिसमा स्थानीय कार्यदलदेखि प्रदेश हुँदै केन्द्रमा आयोग गठन गरी त्यसले दिएको सुझावका आधारमा निर्णय नाम र वडाको संख्या कायम गरिएको थियो ।

त्यसबेला स्थानीय तह र वडाको मोटामोटी सीमाङ्कन गरिए पनि साङ्गोपाङ्गोरुपमा फिल्डमा गएर चुस्तदुरुस्त गर्न सकेको थिएन । जसका कारण अभ्यासका क्रममा केही वडाको भूगोल र सीमाना फेरबदल पर्न गएको मन्त्रालयको भनाइ छ । मापदण्डसम्बन्धी मस्यौदामाथि सुझाव दिने क्रममा आमजनताबाट केही वडाको सीमा बढाउन, गाभ्न र छुट्याइ दिन अनुरोध भएको पाइएको छ । मन्त्रालयले व्यवहारिक र विधिसम्मत प्राप्त सुझावलाई मस्यौदामा समावेश गर्ने जनाएको छ ।

स्थानीय तहको सीमा क्षेत्रका रुपमा रहेको खोला र नदीबीचको भू-भाग कस्तो हुने भन्ने तथा दुई वा दुईभन्दा बढी स्थानीय तह गाभिने कार्य प्रक्रिया के-कसरी सरलीकरण गर्नसकिन्छ भनी मन्त्रालयले रायसुझाव लिएको जनाएको छ ।

# आयुर्वेद औषधि संघमा गिरी चयन

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ नेपाल आयुर्वेद औषधि व्यवसायी संघ मकवानपुरको अध्यक्ष तुलसी गिरी चयन भएका छन् ।

जिल्ला कार्यसमिति मकवानपुरको तेस्रो अधिवेशनबाट गिरीको नेतृत्वमा सर्वसम्मतरुपमा नयाँ कार्यसमिति चयन भएको हो । समितिको उपाध्यक्षमा शुशीला खनाल, सचिवमा डा. रमेश चौधरी, कोषाध्यक्षमा डा. नितेश गिरी तथा सदस्यमा ममता साह चयन भएका छन् । डा. नरेन्द्र झा कोसभाध्यक्षता एवम् बागमती प्रदेशअध्यक्ष सन्तोष ढुंगेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

साथै आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरका प्रमुख डा. सृष्टि श्रेष्ठको विशिष्ट आतिथ्यता रहेको थियो ।

# आंचल साहित्य कलापुञ्जको अध्यक्षमा नीरा शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, १८ बैशाख/ आंचल साहित्य कलापुञ्जको अध्यक्षमा नीरा शर्मा चयन भएकी छिन् । शर्मा निवर्तमान कार्यसमितिमा उपाध्यक्ष थिइन् । शुक्रबार सम्पन्न अधिवेशनले शर्मालाई निर्विरोध अध्यक्षमा चयन गरेको निर्वाचन मण्डल संयोजक पूर्णकला घिमिरेले बताइन् । महिला साहित्यकारको साझा संस्था कलापुञ्जको उपाध्यक्षमा भवानी तिमल्सिना, सचिव एलिजा पुडासैनी, सहसचिव सरिता दाहाल, कोषाध्यक्ष संझना अधिकारी रहेका छन् । यसैगरी सदस्यमा रजनी पौडेल, अनु रोक्का, सिर्जना पौडेल र गोपिनी गौतम चयन भएका छन् । आगामी दिनमा संस्थापक तथा पूर्वअध्यक्ष स्वर्गीय अप्सरा तिमल्सिनाको सम्मानमा स्मृति ग्रन्थ, आंचल परिचय ग्रन्थ प्रकाशन तथा महिला साहित्यको क्षेत्रमा सिर्जनशील कार्यलाई प्राथमिकता दिने नवनिर्वाचित अध्यक्ष शर्माले बताइन् ।

आँचल साहित्य कलापुञ्ज मकवानपुरले हास्यब्यङ्ग्य साहित्यकार आरसी रिजाललाई अभिनन्दन गरेको छ । मकवानपुरमा रहेर राष्ट्रियस्तरमा हास्यब्यङ्ग्य क्षेत्रमा सशक्त योगदान गरेका रिजाललाई शुक्रबार हेटौंडामा अभिनन्दन गरिएको हो । आंचल साहित्य कलापुञ्ज मकवानपुरको पाँचौं अधिवेशन एवम् चौधौ साधारणसभा तथा पारिजात स्मृति दिवसको सन्दर्भ पारेर रिजाललाई सम्मान गरेको पुञ्जले जनाएको छ ।

## सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्था लिमिटेडद्वारा संचालित मकवानपुर सहकारी अस्पताल, हेटौंडाको प्रस्तावित ५० शैय्या अस्पतालको

## प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि सार्वजनिक सूचना !

*(प्रकाशित मिति : २०८२ साल बैशाख १९ गते, शनिवार)*

वागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं १, चौकिटोलमा सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्था लिमिटेडद्वारा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्था लिमिटेड, वागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं १ |
| प्रस्तावको व्यवहोरा | सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्था लिमिटेडले हेटौंडा उपमहानगरपालिका, वडा नं १, चौकिटोलमा २७° २६'९.२" उत्तरी अक्षाशं र ८५° १' ५३.७" पूर्वि देशान्तरमा पूर्व, पश्चिम र दक्षीणमा क्रमश: कित्ता नं. २८१०, ३७१३ तथा ३५३८ को ब्यक्तिगत स्वमित्वको जमिन एवं उत्तरमा मनकामना चोक देखि राप्ति नदि निस्कने सडकको चारकिल्ला रहेको आफ्नै स्वामित्वको कित्ता नं. ३२५८ र ३७१२ को ५ कठ्ठा ५ धुर (१,७७७.८१६ वर्गमिटर) जम्मा जग्गामा ५० शैय्याको सुविधा सम्पन्न अस्पताल संचालन गर्ने योजना बनाएको छ । प्रस्तावित साढे दुई तले अस्पताल भवनको जम्मा सतही क्षेत्रफल २,०१०.९२ वर्गमिटर हुनेछ । अस्पतालमा स्वास्थ्य सेवाहरु जस्तै: जनरल फिजिसियन, शल्यक्रिया, स्त्री रोग तथा प्रसुति, बाल रोग तथा शिशु, नाक कान घाँटी, हाडजोर्नी, आँखा, चर्म तथा यौनरोग, फिजियोथेरापी, एनेस्थेसियोलोजी, रेडियो इमेजिङ, अल्ट्रासोनोग्राफी, एक्स-रे, इलेक्ट्रोकार्डियोग्राफी, प्रयोगशाला लगायत बागमती प्रदेश सरकारको मापदण्ड बमोजिमका अन्य थप सेवाहरु रहनेछन् । |
| प्रस्तावको प्रभावित क्षेत्र | मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं १, चौकिटोल |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली वीच के कस्तो प्रभाव पर्छ भनी सो स्थानको न.पा, वडा एवं त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको रायसुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनहुन अनुरोध गरिन्छ ।

**राय सूझाव तथा प्रतिक्रिया पठाउन सकिने ठेगाना**

| | |
|---|---|
| प्रस्तावक | सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्था लिमिटेड, वागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं १, चौकिटोल, सम्पर्क फोन : +९७७-०५७-५२६५८७, ईमेल : mshsunaulo067@gmail.com |
| परामर्शदाता | इन्भाइरोभिजन कन्सल्टेन्सी प्रा.लि, का.म.न.पा १३, काठमाडौं, सम्पर्क नं. ९७७-०१-६२१७७१२, इमेल : vision4environment@gmail.com |

## सहकारी संस्थाहरु एकीकरण हुनेसम्बन्धी

## सूचना । सूचना ।। सूचना ।।।

दुबै संस्थाको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको संचालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको संचालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरु समेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजाँच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनको साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

एकिकरण गरिने सस्था:

☞ श्री सर्बोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-८
☞ श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१

साधारण सभा हुने: **मिति** : २०८३/२/२ गते, शनिबार
**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा-८
**समय** : बिहान ११:०० बजे

## वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*


सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय मकवानपुर**
हेटौंडा, नेपाल

## आकर्षक घडेरी बिक्रीमा




हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि

**सम्पर्क:**
**९८५१०८९६३४ (मुकुन्द कार्की)**
**९८४५०५३४९ (श्री लामा)**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना